ऐसेलुखर्क गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ऐसेलुखर्क, खोटाङ, कोशी प्रदेश, नेपाल

☎ ०३६-४११११०३
☎ ०३६-४११११०४
E-mail :aiselukhanrka2073@gmail.com
Website:www.aiselukharkamun.gov.np

प.स:- २०७९/०८०
च.नं.:-

मिति-२०७९/१२/०३

## विपन्न महिलाको जीविकोपार्जनमा सुधार कार्यक्रम लागि प्रस्ताव पेश गर्ने सम्बन्धी १५ दिने सूचना

**(प्रथम पटक प्रकाशित मिति-२०७९ चैत्र ३ गते)**

यस ऐसेलुखर्क गाउँपालिकाको आ.व. २०७९/०८० मा सञ्चालन हुने राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम मार्फत एक (१) वटा संस्था वा सहकारीलाई अनुदान वितरण गरिने भएकोले यस गाउँपालिका क्षेत्रभित्र रहेका तपसिल बमोजिमका योग्यता पुगेका संस्था वा सहकारीहरुले तपसिल बमोजिमको विवरण तथा कागजात सहित प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

**१. प्रस्ताव पेश गर्ने संस्था वा सहकारीको योग्यताः**

क. प्रचलित कानुन बमोजिम दर्ता र नवीकरण भएको,
ख. प्रत्येक वर्ष लेखा परीक्षण सम्पन्न गरी सो को प्रतिवेदन तयार भएको,
ग. प्रचलित कानुन बमोजिम अयोग्य नरहेको,

१. संस्थाले लक्षित महिलाहरुलाई सीप तथा व्यावसायिक विकास तालिम प्रदान गरी व्यक्तिगत वा सामूहिक रुपमा आयआर्जन व्यवसाय सञ्चालन गर्ने गरी प्रस्ताव पेश गर्नु पर्नेछ ।

२. संस्थाले व्यवसायको प्रकृति हेरी कम्तीमा पाँच (५) दिनको तालिम, पच्चिस (२५) जना लक्षित सहभागीहरुलाई प्रदान गर्ने गरी व्यावसायिक योजना पेश गर्नु पर्ने छ । तालिम अवधि बढाउनु परेमा संस्थाले आफ्नै स्रोतमा त्यस्तो अवधि बढाउन सक्ने छ । थप हुने अवधिका लागि स्रोत खुलाई सोको सुनिश्चतताको यथार्थ विवरण दोहोरो नपर्ने गरी प्रस्ताव पेश गर्नु पर्नेछ ।

३. तालिम अवधिको कार्यतालिकामा सीप तथा व्यावसायिक विकासका सत्रहरु अनिवार्य रुपमा समावेश गरी तालिमका विषय, विधि, र सत्र समेत खुलाई पेश गर्नु पर्नेछ ।

**२. जीविकोपार्जन सुधार कार्यक्रमका लागि व्यवसायको क्षेत्रः**

**(क) कृषि तथा पशुपालनः** सहकारी खेती, सामूहिक खेती, आधुनिक खेती, पशुपालन, माछापालन, माहुरीपालन लगायत कुनै पनि क्षेत्रको कृषि उत्पादनमा आधारित व्यवसाय कार्यहरु,

**(ख) पर्यटन क्षेत्रः** होमस्टे, होटेल, रेष्टुरेन्ट, ट्रेकिङ टुर गाइड, स्थानीय स्रोत, साधन र संस्कृतिमा आधारित व्यवसाय कार्यहरु,

**(ग) गैह्र कृषि क्षेत्रः** वन पैदावार लोकता कागज उद्योग, अल्लो, जडीबुटी उत्पादन, ड्राइभिङ, प्लम्बिङ, ब्यूटीपार्लर, क्रिस्टल, सैलुन, इलेक्ट्रिसियन लगायतका व्यवसाय कार्यहरु।



रवि बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत

# ऐसेलुखर्क गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
ऐसेलुखर्क, खोटाङ, कोशी प्रदेश, नेपाल

☎ ०३६-४११११०३
☎ ०३६-४११११०४
E-mail :aiselukhanrka2073@gmail.com
Website:www.aiselukharkamun.gov.np


प.स:- २०७९/०८०
च.नं.:-

३. अनुदान रकमः तालिम सञ्चालन वापत- रु.१,००,०००/- र व्यवसाय सञ्चालन खर्च अनुदान २५ जनालाई रु.२६,०००/- का दरले रु.६,५०,०००/- गरी जम्मा रु.७,५०,०००/-

४. प्रस्ताव पेश गर्ने निकायः ऐसेलुखर्क गाउँ कार्यपालिकाको कार्यालय, महिला विकास शाखा, ऐसेलुखर्क ।

५. प्रस्ताव साथ संलग्न हुनुपर्ने विवरण तथा कागजातः

(क) संस्थाको विधान, परिचय, उद्देश्य, कार्य सञ्चालन प्रक्रिया, भौतिक तथा वित्तीय स्रोत सम्बन्धी विवरण,

(ख) प्रस्तावित व्यवसायको अवधारणापत्र, व्यवसायको क्षेत्र, तालिम अवधि र स्रोत परिचालन सहितको व्यवसायिक योजनाको विवरण,

(ग) प्रचलित कानुन बमोजिम दर्ता तथा नविकरण भएका प्रमाणपत्रको प्रतिलिपि,

(घ) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(ङ) अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन,

(च) प्रस्तावित कार्यक्रममा संस्थाको योगदानको अंश, अन्य निकायबाट प्राप्त हुने सम्भाव्य सहयोग वा साझेदारीको स्रोत सहितको यथार्थ विवरण,

(छ) कालोसूचीमा नपरेको र प्रचलित कानुन बमोजिम अयोग्य नरहेको स्वःघोषणा,

(ज) प्रस्ताव दर्ता गर्दा संस्थाले विपन्न र एकल महिलाको आर्थिक उत्थान तथा सशक्तीकरण हुने गरी व्यवसायिक सम्भाव्यता समेत उल्लेख गरी सोको कार्यान्वयन कार्ययोजना सहितको प्रस्ताव ।

नोटः- प्रस्तावनाको ढाँचा राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड, २०७७ को अनुसूची-२ बमोजिम हुनु पर्ने छ । उक्त ढाँचा ऐसेलुखर्क गाउँपालिकाको महिला विकास शाखाबाट प्राप्त गर्न सकिने छ।

.............................
रेख बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत